बैठक संख्या: १८।२०८२-२०८३
बैठक मिति:२०८२।१०।२६ विहान १२:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८२।१०।२६ गते सोमबार विहान १२:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री लेखनाथ बास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर् राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री तेज नारायण यादव | प्रमुख प्रशासकीय अधिकृत | |



CamScanner

बैठक संख्या: १८।२०८२-२०८३
बैठक मिति:२०८२।१०।२६ बिहान १२:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| अन्य उपस्थिति: कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री निराजन ओझा | कानून शाखा प्रमुख | |
| २ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | |
| ३ | श्री घनश्याम खतिवडा | प्रशासन शाखा प्रमुख | |
| ४ | | | |
| ५ | | | |

प्रस्तावहरु.

१. प्रस्ताव नं. १: घर नक्सा अभिलेखिकरण सम्बन्धी म्याद थप सम्बन्धमा।

२. प्रस्ताव नं. २: विविध।

निर्णयहरु

निर्णय नं.१

रामधुनी नगरपालिका अन्तर्गत निर्माण भएका तर हालसम्म घरनक्सा पास नभएका घरहरूको हकमा २०८२ माघ मसान्तभित्र घरनक्सा अभिलेखिकरण गराएमा १९ औं नगरसभाले तोके बमोजिमको प्रचलित शुल्क तथा सो शुल्कमा ५० प्रतिशत जरिवाना लिई घरनक्सा अभिलेखिकरण गर्ने निर्णय भएको र सोही १९ औं नगरसभाको निर्णयअनुसार उक्त अभिलेखिकरणको लागि फागुन मसान्तसम्म दोस्रो पटकका लागि म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं.२(क)

सडक बोर्ड नेपाल मिनभवन, काठमाडौं को च.नं. ६७८ मिति २०८२।०९।२८ गतेको पत्रानुसार आ.व. २०८२।०८३ मा स्थानीय सडक मर्मत संभार कार्यको लागि व.उ.शि.नं. ३३७३१०११३ अन्तर्गत कार्यकारी समितिको मिति २०८२।०९।२४ गतेको निर्णयानुसार रु २७,००,०००।- वजेट स्वीकृत भएको हुँदा साथै रामधुनी नगरपालिकाले सडक बोर्ड नियमावली २०६० परिच्छेद (३) नियम (९) तथा उल्लेखित मार्गदर्शन बमोजिम व्यहोर्नुपर्ने समपुरक कोष

(Matching Fund) मा ५० प्रतिशत रकम थप गरि तपसिल बमोजिमका योजनाहरुमा मर्मत संभार गर्ने निर्णय गरियो ।

तपशिल:

१) सगौना - कुमरखत धरान जाने बाटो ।

२) रामधुनी वडा नं. २ को धमौरा बाट कुमयाही हुँदै रामधुनी जाने बाटो ।

३) रामधुनी वडा नं. २ शिवनगर मा.वि. बाट शुरेस साहको घर सम्म ।

**निर्णय नं.२(ख)**

रामधुनी नगरपालिका अन्तर्गत करार सेवामा कार्यरत भारी सवारी चालकहरूलाई श्रेणीविहीन तृतीय स्तरमा करार सम्झौता गर्ने निर्णय गरियो।

**निर्णय नं.२(ग)**

रामधुनी नगरपालिका वडा नं. ५ को च.नं. १५९७ मिति २०८२।१०।१९ गतेको पत्रानुसार रामधुनी न.पा. वडा नं. ५ स्थित संगम टोल विकास संस्थाको माग निवेदन बमोजिम रेडक्रस उत्तर डग्राही पोखरी हुँदै उत्तरतर्फ चौलागाँई मिलको तेस्रो बाटो सिमा सम्मको बाटो कालोपत्रेका लागि ठेक्का समेत लागि सकेको हुँदा डग्राही पोखरीको पूर्व तिर दक्षिण देखि उत्तर सम्म करिब १०० मिटरमा पूर्वतर्फको पक्कीनालाको बिट उठाएर सडक पक्की गर्ने र प्राविधिक लागत अनुमान बमोजिम रकम रू १,२१,४२७।- विपद् व्यवस्थापन शिर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.२(घ)**

रामधुनी नगरपालिका वडा नं. १ को च.नं. ०१०९७ मिति २०८२।१०।१८ गतेको प्राप्त पत्रानुसार उक्त वडामा अवस्थित सरस्वती आ.वि. को प्राङ्गणमा रहेको पुरानो भवन भत्काई नयाँ भवन निर्माणका लागि ठेक्का प्रक्रिया अगाडि बढाउनुपर्ने भएको हुँदा सो पुरानो भवन भत्काउने साथै प्राविधिक लागत अनुमान बमोजिमको रकम रु. १,५३,२०४।— विपद् व्यवस्थापन शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

बैठक संख्या: १८।२०८२-२०८३
बैठक मिति:२०८२।१०।२६ विहान १२:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२(घ)**

रामधुनी नगरपालिका अन्तर्गत रहेका मतदान केन्द्रहरूमा सम्बन्धित वडा कार्यालयका वडा अध्यक्षज्यू मार्फत स्थलगत अनुगमन गरी मर्मत–संभार गर्नुपर्ने देखिएमा सम्बन्धित वडा कार्यालयबाट प्रतिवेदन तयार गरि आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं.२(ङ)**

रामधुनी नगरपालिका वडा नं. ९ निवासी सन्तोष गोस्वामीको नेतृत्वमा लहानमा सञ्चालन भएको भलिबल प्रतियोगितामा डुम्राहा भलिबल टिमले सहभागिता जनाउने क्रममा भएको खर्चको विल बमोजिमको रकम रु २५,०००।– निज सन्तोष गोस्वामीलाई खेलकुद शिर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं.२(च)**

रामधुनी नगरपालिका वडा नं. २ को च.नं. ०१३७३ मिति २०८२।१०।१८ गतेको प्राप्त पत्रानुसार उक्त वडामा बस्ने सुरज प्याकुरेलको माग निवेदन बमोजिम निज निवेदककी पत्नी निरूता प्याकुरेल सवारी दुर्घटनामा परी गोल्डेन अस्पताल,विराटनगरमा उपचाररत रहँदा आर्थिक अवस्था कमजोर भएकोले आर्थिक सहयोग शीर्षकबाट रकम रु. २०,०००।– भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं.२(छ)**

श्री राजेश्वरी आधारभूत विद्यालय रामधुनी न.पा. वडा नं. २ सुनसरी को च.नं. ४२ मिति २०८२।०९।१३ गतेको पत्रानुसार रामधुनी न.पा. को आ.व. २०८२।०८३ को बजेटबाट गेट निर्माण तथा प्रिन्टर खरिद व्यव्थापनका शिर्षक लाई शिर्षआन्तर गरि ल्याप्टप,प्रिन्टर खरिद राखि खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं.२(ज)**

स्वरोजगार कृषि सहकारी संस्था लि. रामधुनी - ७ सुनसरी को मिति २०८२।०८।१९ गतेको प्राप्त पत्रानुसार उक्त स्वरोजगार कृषि सहकारी संस्था लि. लाई डिलरको रूपमा अनुमति प्रदान गर्ने निर्णय गरियो ।

CamScanner

बैठक संख्या: १८।२०८२-२०८३
बैठक मिति:२०८२।१०।२६ विहान १२:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

निर्णय नं.२(झ)

रामधुनी नगरपालिकाको आ.व. २०८३/०८४ का लागि समपुरक र विशेष अनुदान तर्फ तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु माग गर्ने निर्णय गरियो ।

तपसिल:

समपुरक तर्फ:

१. सिँचाई तथा नदी नियन्त्रण

- वडा नं. ७ सेउती खोला नदी नियन्त्रण

२. शैक्षिक पूर्वाधार

- जनता मा.वि. भवन निर्माण (८ कोठे)
- तेह्र बालबालिका आ.वि. भवन निर्माण (४ कोठे)
- आदर्श विद्यालय वडा नं ५ (४ कोठे)

३. पर्यटन:

- रामधुनी मन्दिरमा सौन्दर्यीकरण, मुर्ती निर्माण र पर्यटकीय वासस्थान निर्माण

४. सडक पूर्वाधार:

- कारागार देखि भा.सी क्याम्पस जाने बाटो
- झुम्का देखि रामधुनी मन्दिर जाने बाटो
- भान्से पोखरी देखि कुमरखत बाटो
- इचौल देखि शंकरवेली जाने बाटो
- पंञ्चायन देखि चतहरा जाने बाटो

विशेष अनुदानतर्फ:

१. शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिवृद्धि

- विद्यालयमा फर्निचर व्यवस्थापन,
- स्वच्छ खानेपानी र
- एक शिक्षक एक ल्यापटप

२. आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धिः

- आधारभूत अस्पतालमा आवश्यक स्वास्थ्य उपकरण तथा प्रयोगशाला स्थापना
- वर्थिङ्ग सेन्टरमा शैया तथा उपकरण व्यवस्थापन
- मातृ तथा बालबालिकाहरूका लागि पोषण सुधार कार्यक्रम